महालेखापरीक्षकको
एकसट्ठिऔं वार्षिक प्रतिवेदन
२०८१

इन्फोग्राफिक्स

(Infographics of Auditor General's 61st Report)



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
एकसट्ठिऔं वार्षिक प्रतिवेदन
२०८१

इन्फोग्राफिक्स

(Infographics of Auditor General's 61st Report)



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: १३३२८

पत्र संख्या : २०८०।८१
च.नं. : १४०

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय : एकसट्ठिऔं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
काठमाडौं, नेपाल ।

नेपालको संविधानको धारा २४१ बमोजिम आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (१) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

२०८१ साल ज्येष्ठ १३ गते आइतबार ।

(तोयम राया)
महालेखापरीक्षक

फोन नम्बर: ५९१९१६३ फ्याक्स: ४२६८३०९ इमेल: oagnep@ntc.net.np/info@oag.gov.np वेब: www.oag.gov.np



सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन, २०८१ पेश गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री तोयम राया
(२०८१।२।१३)

विषय-सूची

महालेखापरीक्षकको भनाइ

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता १

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति ३

लेखापरीक्षण गरिएका निकायको विवरण ६

लेखापरीक्षणबाट देखिएका बेरूजू स्थिति ११

लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति १४

प्रदेश मन्त्रालय तथा निकाय २६

स्थानीय तह ३०

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था ३२

भविष्यमा गर्नुपर्ने सुधार ३४

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको एकसट्टिऔँ वार्षिक प्रतिवेदन पेस गरेको छु। नेपालको संविधानको धारा २९४(२) तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) मा उल्लिखित विषयहरू समावेश गरी वार्षिक प्रतिवेदन तयार गरिएको र धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको प्रतिवेदन सम्बन्धित स्थानीय तहलाई जारी गरिएको छ। संगठित संस्था र विषय छनोटको आधारमा गरिएका कार्यमूलक तथा विशेष लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा सम्बन्धित मन्त्रालयगत खण्डमा समावेश गरिएको छ। त्यसैगरी सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार पारिएको छ। महालेखापरीक्षकको रुपमा मेरो नियुक्ति भएपछि लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्दै लेखापरीक्षणको प्रभाव अभिवृद्धि र मुलुकमा सुशासन र आर्थिक अनुशासनलाई टेवा पुऱ्याउने गरी कार्यान्वयनयोग्य सुझाव समावेश गरी प्रतिवेदन तयार गरीएको छ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने व्यहोराहरु धेरै हुने हुदा वार्षिक प्रतिवेदन बृहत हुन जान्छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा खुलाइएका प्रमुख व्यहोराहरुलाई छिटो, छरितो र प्रष्टरुपमा लक्षित समुहमा सम्प्रेषण गर्ने हेतुले इन्फोग्राफिक्स प्रतिवेदन तयार पारिएको छ। सूचना, तथ्याङ्क, ज्ञान तथा जानकारीलाई ग्राफिक्सको प्रयोगद्धारा छिटो, छरितो र प्रष्टरुपमा लक्षित समुहमा सम्प्रेषण गर्ने विधिनै इन्फोग्राफिक्स हो। इन्फोग्राफिक्स दृश्यको माध्यमबाट सूचना, तथ्याङ्क, ज्ञान तथा जानकारी सम्प्रेषण गर्ने एक उत्तम विधि हो। यसमा आइकनहरु, पाठहरु (text), charts र चित्रको सहयोगद्धारा एकै नजरमा सन्देशलाई लक्षित वर्गमा पठाउने कार्य गरिन्छ। इन्फोग्राफिक्स कुनै पनि प्रकारको सूचना, तथ्याङ्क, ज्ञान तथा जानकारीको दृश्य प्रतिनिधित्व (Visual Representation) गर्ने एक उत्तम प्रकृया हो। यसद्धारा जटिल अवधाराणाका सूचनाहरुलाई सहजरुपमा प्रस्तुत गर्न सहयोग गर्छ। यसले संगठनको लक्ष्य, उदेश्य, रणनीति, कार्यनीतिलाई सहजरुपमा प्रस्तुत गर्न सहयोग गर्दछ। महालेखापरीक्षको वार्षिक प्रतिवेदनमा महत्वपूर्ण जानकारी, तथ्याङ्क, सूचनाहरु रहेका हुन्छन। इन्फोग्राफिक्सको प्रयोगले महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा समावेश जानकारी, तथ्याङ्क, सूचनाहरुलाई थप सहज र प्रभावकारीरुपमा सर्वसाधारणको पहुचमा पुर्याउन मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु।

(तोयम राया)
महालेखापरीक्षक

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

शासकीय प्रबन्ध

- कानुन निर्माण, स्रोत बाँडफाँट र कार्यक्षेत्रको स्पष्टता हुनुपर्ने,
- समसामयिक कानुन निर्माण र विद्यमान कानुनमा संशोधन हुनुपर्ने,
- साझा अधिकार सूचीका कानुन तर्जुमामा सम्बद्ध पक्षको सहभागिता हुनुपर्ने,
- कानुनको कार्यान्वयन एवं परिपालनाको प्रत्याभूति हुनुपर्ने,
- राजनीति र प्रशासनबीच अन्तरसम्बन्ध र सीमा स्पष्ट हुनुपर्ने,
- कूटनीतिक सम्बन्धलाई प्रभावकारी बनाउनुपर्ने,
- प्रशासनिक र वित्तीय स्वायत्तता मार्फत संवैधानिक निकायलाई थप प्रभावकारी बनाउनुपर्ने,
- फैसला तथा निर्णय कार्यान्वयनमा सुनिश्चितता ल्याउनुपर्ने,
- सार्वजनिक संस्था र नियमनकारी निकायको कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्ने ।

अर्थतन्त्र

- लक्ष्य अनुरूप आर्थिक वृद्धिदर हासिल हुने गरी कार्यसम्पादन गर्नुपर्ने,
- व्यापार सन्तुलनका लागि आन्तरिक उत्पादनमा जोड दिनुपर्ने,
- लगानीमैत्री वातावरण तयार गर्नुपर्ने,
- अर्थतन्त्रका नवीन क्षेत्रहरूको पहिचान गरी लगानी विस्तार गर्नुपर्ने,
- विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याई उत्पादनशील कार्यमा उपयोग गर्नुपर्ने,
- अनौपचारिक अर्थतन्त्रलाई राष्ट्रिय लेखामा समेट्नुपर्ने,
- प्राकृतिक स्रोतको उपयोग र दिगोपनामा जोड दिनुपर्ने,
- कर प्रशासनलाई थप चुस्त र करदातामैत्री बनाई राजश्व वृद्धिमा जोड दिनुपर्ने,
- वित्तीय संसाधनको पारदर्शी परिचालन गर्नुपर्ने,
- सरकार, निजीक्षेत्र, सहकारी र विकास साझेदारसँग गहन साझेदारी विकास गर्नुपर्ने ।

सार्वजनिक वित्त व्यवस्थापन

- कुल गार्हस्थ उत्पादनको मापन र राजस्वको प्रक्षेपण वस्तुपरक बनाउनुपर्ने,
- तीनै तहको कराधारलाई दिगो र फराकिलो बनाउने,
- राजस्व परिचालनका सबै आयामको अवलम्बन तथा चुहावट नियन्त्रण गर्नुपर्ने,
- राष्ट्रिय हित र प्राथमिकताका क्षेत्रमा मात्र सार्वजनिक ऋण परिचालन गर्नुपर्ने,
- बजेट र यथार्थ खर्चबीचको अन्तर न्यून गर्नुपर्ने,
- नगद प्रवाहको पूर्वानुमान गरी सार्वजनिक खर्च भुक्तानी सन्तुलित बनाउनुपर्ने,
- रकमान्तर तथा स्रोतान्तरलाई न्यूनीकरण गर्नुपर्ने,
- सबै विकास सहायता परिचालन बजेट प्रणाली मार्फत हुनुपर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी र उत्पादनमूलक बनाउनुपर्ने,
- सार्वजनिक संस्थान सञ्चालनमा व्यावसायिक कुशलता ल्याउनुपर्ने,
- लेखापालन, प्रतिवेदन तथा लेखापरीक्षणलाई समयानुकूल सुधार गर्नुपर्ने ।

सार्वजनिक सम्पत्तिको व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको खरिद प्रक्रिया पारदर्शी, कुशल र व्यवस्थित हुनुपर्ने,
- स्रोत र साधनको बाँडफाँट र परिचालनमा कार्यकुशलता ल्याउनुपर्ने,
- सार्वजनिक सम्पत्तिको एकीकृत अभिलेख, उपयोग र उचित मर्मत सम्भार गर्नुपर्ने,
- उपयोग नहुने अवस्थामा रहेका सम्पत्तिको निःसर्ग गरी व्यवस्थापन गर्नुपर्ने,
- सार्वजनिक सम्पत्ति लिजमा दिँदा लिज कार्यनीतिको परिपालना गर्नुपर्ने,
- सार्वजनिक निर्माणमा गुणस्तरको प्रत्याभूति हुनुपर्ने,
- ऐतिहासिक, पुरातात्त्विक, धार्मिक सम्पदा एवं सम्पत्तिको संरक्षण र संवर्धन गर्नुपर्ने,
- सार्वजनिक संस्थानको सम्पत्तिको संरक्षण र उपयोग गर्दै अभिलेख व्यवस्थित गर्नुपर्ने ।
- सार्वजनिक सम्पत्तिको समानुपातिक उपयोग गर्नुपर्ने,
- निर्मित संरचनाको संचालन र भौतिक अवस्था जि. पी. एस. मा आवद्ध गर्ने ।

विकास व्यवस्थापन

- आवधिक, वार्षिक र त्रैमासिक लक्ष्य र सोको उपलब्धि मूल्याङ्कन गर्नुपर्ने,
- बजेट, कार्यक्रम र उपलब्धिलाई व्यक्तिगत जवाफदेहितासँग जोड्नुपर्ने,
- दिगो विकास लक्ष्य, आवधिक योजना, नीति कार्यक्रम र बजेटबिच तादतम्यता गर्नुपर्ने,
- आयोजना बैङ्कबाट मात्र आयोजना छनोट गरी बजेट विनियोजन गर्नुपर्ने,
- उपभोक्ता समितिबाट भएका निर्माण कार्यहरूमा गुणस्तर सुनिश्चितता हुनुपर्ने,
- आयोजनाहरू निर्धारित समय र लागतमा सम्पन्न गर्न आवश्यक प्रबन्ध मिलाउनुपर्ने,
- आयोजना सञ्चालनमा परामर्शदाता माथिको अधिक निर्भरता घटाउनुपर्ने,
- पूर्व तयारीका कार्य सम्पन्न गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्ने,
- सार्वजनिक निकायबीच अन्तर समन्वय कायम गरी पूर्वाधार निर्माण गर्नुपर्ने,
- कार्यक्रम, खरिद योजना र यसको समयसीमालाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने,
- पूर्वाधार निर्माणमा आधुनिक प्रविधि र विधिको उपयोग गरी लागत प्रभावी बनाउनुपर्ने ।

सूचना प्रविधि

- सूचना प्रविधिको आवश्यकता तथा लाभ लागत विश्लेषण गरी खरिद, प्रयोग र उपयोगको प्रबन्ध गर्नुपर्ने,
- प्रणाली खरिदका लागि मापदण्ड तथा नर्म्स तयार गर्नुपर्ने,
- प्रणालीमा पहुँच, गोपनीयता र सुरक्षा सम्बन्धी कानुनी व्यवस्था गर्नुपर्ने,
- व्यवस्थापन सूचना प्रणालीहरूलाई एकीकृत वा अन्तरआवद्ध गरी सञ्चालन गर्नुपर्ने,
- प्रणालीहरूको नियमित सञ्चालन, मर्मत सम्भार र अद्यावधिक गरी विश्वसनीय बनाउनुपर्ने,
- प्रणाली सञ्चालनमा दिगोपनाका लागि क्षमता विकास मार्फत स्थानीयकरण गर्नुपर्ने,
- सूचना प्रविधिको प्रयोग र यसबाट सेवाप्रवाहमा परेको प्रभाव अध्ययन गर्नुपर्ने,
- कृत्रिम बौद्धिकता (एआई) को प्रयोग र सोको लाभ सम्बन्धमा अध्ययन गर्नुपर्ने,
- सूचना प्रविधिमा गरेको खर्च, यससँग सम्बन्धित यन्त्र उपकरणको अभिलेख व्यवस्थित गर्नुपर्ने,
- सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरणको निःसर्गलाई वातावरणमैत्री बनाइनुपर्ने ।

सार्वजनिक प्रशासन

- सेवा प्रवाहको प्रभावकारिताको लागि समयानुकूल कानुन तर्जुमा एवं संशोधन गर्नुपर्ने,
- सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागु गर्नुपर्ने,
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना र पृष्ठपोषणको विधि तय गर्नुपर्ने,
- सार्वजनिक प्रशासनलाई व्यावसायिक तथा नतिजामुखी बनाउनुपर्ने,
- कर्मचारी दरबन्दीलाई कार्यजिम्मेवारीसँग आवद्ध गर्नुपर्ने,
- गुणस्तरीय मानव संसाधनको विकास गरी उत्पादकत्व अभिवृद्धि गर्नुपर्ने,
- छरितो संरचना, बहुसीपयुक्त जनशक्ति र प्रविधिमैत्री संरचना बनाउनुपर्ने,
- सार्वजनिक निर्माण र सेवाको सार्वजनिक परीक्षणको व्यवस्था गर्नुपर्ने,
- सेवा प्रवाहको गुणस्तर, शुल्क, प्रक्रियालगायतलाई व्यवस्थित गर्नुपर्ने,
- लक्षित वर्ग अनुदान वितरणलाई लाभग्राहीमैत्री बनाउनुपर्ने,
- नैतिक पूर्वाधार विकासमा जोड दिनु पर्ने ।

सुशासन

- पदीय आचरण, निष्ठा र सदाचारिता, अभिवृद्धि हुने कार्यसंस्कृति अवलम्बन गर्नुपर्ने,
- सार्वजनिक निर्माणमा पारदर्शिता, समयपालना, गुणस्तर र दिगोपना हुनुपर्ने,
- जिम्मेवारी र जवाफदेहितालाई स्पष्ट पारी कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्ने,
- अन्तरनिकाय समन्वय गरी भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्ने,
- सबै निकायमा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी सोको कार्यान्वयन गर्नुपर्ने,
- सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन गरी दण्ड र पुरस्कारसँग आबद्ध गर्नुपर्ने,
- जिम्मेवारी प्रदान गर्दा नेतृत्व क्षमता र वित्तीय अनुशासन पालना स्थितिको मूल्याङ्कन गर्नुपर्ने,
- निर्णय प्रकृयामा पारदर्शिता, एकरूपता र कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने,
- पेशागत व्यावसायिकता र सकारात्मक सोचलाई कार्यजिम्मेवारीको अंग बनाउनुपर्ने ।
- सेवा प्रवाह गर्ने पदाधिकारीलाई सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही बनाउनुपर्ने ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको **धारा २४१ (१)**	राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ ।
नेपालको संविधानको **धारा २४१ (२)**	५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ ।
नेपालको संविधानको **धारा २४१ (५)**	कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण सङ्घीय कानूनमा व्यवस्था गरी महालेखापरीक्षकबाट गर्न सकिने व्यवस्था छ ।
नेपालको संविधानको **धारा २९४ (१)**	यस संविधान बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन सङ्घीय संसद समक्ष पेश गर्न लगाउनेछ ।
लेखापरीक्षण ऐन, **२०७५ को दफा ३**	सरकारी कार्यालय, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।
लेखापरीक्षण ऐन, **२०७५ को दफा ४**	महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोक्ने, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउने, त्यसमा विवेचना तथा आलोचना गर्ने र आर्थिक विवरण उपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था गरेको छ ।
लेखापरीक्षण ऐन, **२०७५ को दफा ८**	महालेखापरीक्षकले लेखापरीक्षण गर्दा परीक्षण गर्नुपर्ने विषय
लेखापरीक्षण ऐन, **२०७५ को दफा ९**	महालेखापरीक्षकले लेखापरीक्षण गर्दा औचित्यको दृष्टिकोणबाट परीक्षण गर्न सक्ने विषयहरू

लेखापरीक्षणका उद्देश्य

संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र संघीय कानूनद्धारा तोकिएका अन्य कार्यालय वा निकायको वित्तीय कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देखिएका व्यहोरा औंल्याई सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार एवं जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गर्न सुझाउसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको मूल उद्देश्य रहेको छ। लेखापरीक्षणको मूल उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको थियो।

वित्तीय लेखापरीक्षण



- तीन वटै तहका सरकारहरूको सञ्चित कोष तथा अन्य सरकारी कोषको तोकिएको ढाँचाअनुरुप वित्तीय विवरण र प्रतिवेदन तयार भै कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- कानूनसम्मत तवरले राजस्वलगायत समस्त आम्दानी, राजस्व तथा धरौटीको निर्धारण, असुली र दाखिला गरेको र तीनै तहका सरकारबीच प्रचलित कानूनबमोजिम राजस्व बाँडफाँट भएको,
- विनियोजन ऐन बमोजिम सीमाभित्र रही निर्दिष्ट प्रयोजनका लागि खर्च भएको,
- सरकारी ऋण, लगानी, सम्पत्ति र व्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनुपर्ने र बुझाइएको सावाँ, ब्याज, लाभांशलगायतको लेखा राखेको ।

परिपालनाको लेखापरीक्षण



- प्रचलित कानूनको परिपालना गरी स्रोत साधनको प्राप्ति, परिचालन एवं अभिलेख राखेको,
- आर्थिक कारोबार गर्दा ऐन कानूनको परिपालना गरेको एवं पुष्ट्याँइ गर्ने यथेष्ट प्रमाण राखेको,
- खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी पर्याप्त कानूनी व्यवस्था भएको, तत्सम्बन्धी नियमन, आन्तरिक नियन्त्रण व्यवस्था पर्याप्त भएको र सोको अनुसरण गरेको ।

कार्यमूलक लेखापरीक्षण



- खर्च मितव्ययी तवरले गरेको र कार्यक्रम एवं लक्ष्यअनुसार प्रगति हासिल गरेको,
- नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाएको र सोको अनुसरण गरेको,
- कार्यालयको संगठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित रहेको एवं दोहोरो नहुने व्यवस्था मिलाएको,
- निर्दिष्ट उद्देश्य नीतिअनुरुप कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी उपलब्धि हासिल गरेको, कामको गुणस्तर र परिमाण मापदण्डअनुरुप भएको,
- खर्च गर्दा लागत तथा उपलब्धि विश्लेषण गरी उचित ढंगले खर्च गरेको र लागतको तुलनामा प्रतिफल प्राप्त भएको ।

विशेष लेखापरीक्षण
(सूचना प्रविधि/वातावरणीय)



- सूचना प्रविधि प्रणालीको उपयुक्त तवरले विकास एवं प्रभावकारी तवरले उपयोग गरेको ।
- वातावरण सम्बन्धी कानून, कार्यविधि र मापदण्डको पालन भए नभएको र वातावरणीय असरलाई न्यून गर्ने प्रयास भएको ।

लेखापरीक्षणको क्षेत्र

- संवैधानिक निकाय, संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्पूर्ण कार्यालय, तीन तहका सरकारका पूर्ण स्वामित्व भएको संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालय, संघीय कानूनले लेखापरीक्षण गर्नुपर्ने भनी तोकेका अन्य निकायको आर्थिक वर्ष २०७९/८० को आर्थिक कारोबार र सोको प्रतिवेदन, बक्यौता र सोसँग सम्बन्धित कागजात समेतलाई लेखापरीक्षण क्षेत्रमा समेटिएको छ ।
- शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक प्रशासन र सेवा प्रवाह, विकास प्रशासन, सार्वजनिक जवाफदेहिता र सुशासनसँग सम्बन्धित विभिन्न पक्षको परीक्षण तथा मूल्याङ्कनलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ ।
- दिगो विकास लक्ष्य प्राप्तिको लागि सञ्चालित क्रियाकलापको मूल्याङ्कनलाई समेत लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

लेखापरीक्षण पद्धति

- वार्षिक लेखापरीक्षण योजना तयार गरी सोसँग सामञ्जस्य हुने गरी मन्त्रालयगत लेखापरीक्षण योजना तथा निकायगत लेखापरीक्षण योजनाका आधारमा कार्यालयले तयार गरेको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) प्रयोग गरी यो वर्ष सबै निकायको विद्युतीय लेखापरीक्षणर सोको व्यवस्थापन गरिएको छ ।
- लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, वातावरणीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ ।
- लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायको विस्तृत लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको आन्तरिक नियन्त्रण मूल्याङ्कन प्रणाली आन्तरिक लेखापरीक्षण तथा एकल कोष खाताबाट उपलब्ध सूचना समेतको आधारमा दूरलेखापरीक्षण पद्धतिबाट सम्पन्न गरिएको छ ।

लेखापरीक्षण गरिएका निकायको विवरण

समष्टिगत लेखापरीक्षण

संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र संघीय कानूनद्वारा तोकिएका अन्य कार्यालय वा निकायको वित्तीय कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देखिएका व्यहोरा औंल्याई सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार एवं जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गर्न सुझाउसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको मूल उद्देश्य रहेको थियो। लेखापरीक्षणको मूल उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको थियो।

लेखापरीक्षण गरिएका निकाय र विषय

वित्तीय र नियमितताको लेखापरीक्षण

संघीय मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)	प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	स्थानीय तह (बक्यौता २ समेत)	समिति र अन्य संस्था (प्रदेशतर्फको ११८ समेत)	संगठित संस्था	जम्मा
३,२७७	१,२७०	७४८	२१७	९३	५,६०५
१,४६,१११	३१,३३४	१,१३,९१९	२९,६८५	३,६६,१११	७,८८,१६०

(रू. करोडमा)

९ कार्यमूलक लेखापरीक्षण

वातावरणीय लेखापरीक्षण २

१ सूचना प्रविधि लेखापरीक्षण

यो वर्ष संघीय मन्त्रालय तथा निकाय मातहतका ३ हजार २७७ कार्यालयको रू. २४ खर्ब ६१ अर्ब ११ करोड।

प्रदेश मन्त्रालय तथा निकाय मातहतका १ हजार २७० कार्यालयको रू. ३ खर्ब २३ अर्ब ३४ करोड।

स्थानीय तह ७५३ मध्ये ७४६ र गत वर्षको बक्यौता २ समेत ७४८ को रू. ११ खर्ब ३९ अर्ब १९ करोड।

२१७ समिति र अन्य संस्थाको रू. २ खर्ब ९६ अर्ब ८५ करोड।

९३ सङ्गठित संस्थाको रू. ३६ खर्ब ६१ अर्ब ११ करोडसमेत रू.७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

वित्तीय लेखापरीक्षणको अतिरिक्त ९ विषयको कार्यमूलक, २ विषयको वातावरणीय र १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ।

कार्यमूलक तथा विशेष लेखापरीक्षण

सि.नं.	कार्यमूलक लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१	राष्ट्रपति महिला सशक्तीकरण परियोजना कार्यान्वयन अवस्था	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
२	सुनसरी मोरङ्ग सिँचाइ आयोजनाको कार्यान्वयन अवस्था	सुनसरी मोरङ्ग सिँचाइ आयोजना	उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय
३	उत्तर दक्षिण लोकमार्ग (कालीगण्डकी करिडोर) को कार्यसम्पादन अवस्था	उत्तर दक्षिण लोकमार्ग निर्देशनालय	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
४	स्वास्थ्य बीमा कार्यक्रमको कार्यन्वयन स्थिति	स्वास्थ्य बीमा बोर्ड	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
५	वैदेशिक रोजगारीमा जाने श्रमिकको सेवा प्रवाहको स्थिति	नेपाली नियोग (मलेसिया, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स)	परराष्ट्र मन्त्रालय
६	तराई-मधेस समृद्धि कार्यक्रम कार्यान्वयन	तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाई	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
७	कारागार पूर्वाधार व्यवस्थापन	कारागार विभाग	गृह मन्त्राल
८	विशेष भवन निर्माण आयोजनाको कार्यान्वयन अवस्था	विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय	शहरी विकास मन्त्रालय
९	नेपालको खाद्य सुरक्षा स्थिति	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	कृषि तथा पशुपन्छी विकास मन्त्रालय
वातावरणीय लेखापरीक्षण			
१०	विपद व्यवस्थापनमा सेन्डाई कार्यढाँचाको कार्यान्वयन अवस्था	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	गृह मन्त्रालय
११	स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन	शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, चिकित्सा विज्ञान राष्ठिय प्रतिष्ठान (वीर अस्पताल), परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, भक्तपुर क्यान्सर अस्पताल र निजामती कर्मचारी अस्पताल	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
सूचना प्रविधि लेखापरीक्षण			
१२	नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन अवस्था	भन्सार विभाग	अर्थ मन्त्रालय

सरकारी बजेट तथा खर्च

२०७९/८०

(रू. लाखमा)

१,७९,३८,३७३		१,४२,१३,२७०	७९.२३
१,१८,३२,३५१	चालु खर्च	९९,१५,०६८	८३.८०
३८,०३,८४५	पुँजीगत खर्च	२३,४६,२४७	६१.६८
२३,०२,१७७	वित्तीय व्यवस्था (साँवा ब्याज भुक्तानी)	१९,५१,९५५	८४.७९



बजेट अनुमान		यथार्थ खर्च	%
५७,३४,४३८	सामान्य सार्वजनिक सेवा	५२,५८,८५१	९१.७१
५,५४,७३८	रक्षा	६,००,१३८	१०८.१८
६,५४,००२	सार्वजनिक शान्ति सुरक्षा	७,९७,६४४	१२१.९६
४६,६७,७०८	आर्थिक मामिला	४२,११,६७०	९०.२३
१,१०,२२९	वातावरण संरक्षण	४४,५१७	४०.३९
८,८६,०८८	आवास तथा सामुदायिक सुविधा	४,२२,९४७	४७.७३
१२,३२,५५१	स्वास्थ्य	५,२०,६७०	४२.२४
९६,२९२	धर्म तथा संस्कृति	५८,१०५	६०.३४
१९,६८,९३१	शिक्षा	५,२८,६९५	२६.८५
२०,३३,३९६	सामाजिक सुरक्षा	१७,७०,०३३	८७.०५

स्रोत: महालेखा नियन्त्रक कार्यालय

द्रष्टव्य: स्वास्थ्य र शिक्षातर्फको खर्चमा प्रदेश तथा स्थानीय तहबाट हस्तान्तरण भई हुने खर्च समावेश छैन ।

खर्चको स्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने संघीय सरकारका पाँच मन्त्रालय तथा अन्य निकायको खर्च विवरण निम्नानुसार छ:

चालु खर्च

(रू. लाखमा)



कुल चालु खर्च ९९१५०६८

पुँजीगत खर्च

(रू. लाखमा)



कुल पुँजीगत खर्च २३४६२४७

स्रोत: महालेखा नियन्त्रक कार्यालय

द्रष्टव्य: चालु र पुँजीगत खर्चवाहेक वित्तीय व्यवस्था खर्च रू.१ खर्ब ३९ अर्ब ४७ करोड रहेको छ ।
प्रदेश र स्थानीय तह ७५ लाई गएको अनुदान रकमसमेत अन्य निकायको चालु खर्चतर्फ समावेश रहेको छ ।

स्रोतगत खर्च विवरण

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको २०७९/८० को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ:



स्रोत: महालेखा नियन्त्रक कार्यालय

राजस्व असुली

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको राजस्वको स्रोतअनुसार २०७९/८० को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छ:



लेखापरीक्षणबाट देखिएका बेरूजू स्थिति

बेरूजू

बेरुजू

(रू. लाखमा)



कुल बेरुजू

(रू. लाखमा)



कुल बेरुजूको प्रतिशत



स्रोत: महालेखा नियन्त्रक कार्यालय

द्रष्टव्य: १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन ।

२. संगठित संस्थाहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।

बेरुजू वर्गीकरणको विवरण मूल प्रतिवेदनको अनुसूची १५, १६ र २१ मा उल्लेख छ ।

असुल गर्नुपर्ने बेरुजू: हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजू समावेश गरेका ।

नियमित गर्नुपर्ने बेरुजू: अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको ।

पेस्की: कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्की ।

लेखापरीक्षण र बेरुजू अङ्क

सरकारी निकाय

३२७७	१२७०	७४८	१९२	११८	५६०५
संघीय मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)	प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	स्थानीय तह (बक्यौता २ समेत)	संघीय संस्था, समिति र अन्य संस्था	प्रदेश संस्था, समिति र अन्य संस्था	जम्मा

लेखापरीक्षण रकम र बेरुजू *(रू. करोडमा)*

	बेरुजू	लेखापरीक्षण रकम	बेरुजू प्रतिशत
संघीय मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)	४६५४	२४६१११	१.८९
प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	६५७	३२३३४	२.०३
स्थानीय तह (बक्यौता २ समेत)	३१०१	११३९१९	२.७२
संघीय संस्था, समिति र अन्य संस्था	१०६४	३९२०४७	०.२७
प्रदेश संस्था, समिति र अन्य संस्था	८४	३७४९	२.२४

७८८१६०	९५६०	१.२१
जम्मा लेखापरीक्षण रकम	जम्मा बेरुजू	जम्मा बेरुजू प्रतिशत

द्रष्टव्य: संगठित संस्थाको बेरुजु लगत कायम नगरिने भएकोले यस तालिकामा समावेश गरिएको छैन।

अद्यावधिक बेरुजू



अद्यावधिक बेरुजूको विवरण अनुसूची १७ र १८ मा उल्लेख छ।

कारबाही टुङ्गो लगाउनुपर्ने रकम



संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरूजू हुने मन्त्रालयहरू



लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू प्रतिशत



लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

नेपालको समग्र आर्थिक अवस्था

लक्ष्य (पन्ध्रौं योजना अनुसार)

(प्रतिशतमा)



प्रगति २०७९/८०

(प्रतिशतमा)



स्रोत: नेपाल राष्ट्र बैङ्क र अर्थमन्त्रालय २०७९/८०

नोट: योजना अवधिको तेस्रो वर्षको प्रगति योजनाको लक्ष्यभन्दा न्यून रहेकाले समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक देखिँदैनन्। आयात नियन्त्रण, निर्यात प्रवर्द्धन, सरकारी खर्च व्यवस्थापन, वैदेशिक सहायताको प्रभावकारी परिचालन, उपभोग, बचत तथा लगानी विस्तारमा सरकारी, निजी र सहकारी क्षेत्रबाट समन्वयात्मक रूपमा प्रयास गर्नुपर्ने देखिन्छ।

राजस्व अनुमान र असुली (२०७९/८०)



लक्ष्य
१४०३१४७०

असुल
१०१०६५१२

असुल प्रतिशत



७२.०३
जम्मा असुल प्रतिशत

स्रोत: अर्थ मन्त्रालय, २०७९/८०

वित्तीय हस्तान्तरण

अनुदान
(रू. अर्बमा)



जम्मा
(रू.अर्बमा)



जम्मा अनुदान
(रू. अर्बमा)

प्रदेश	स्थानीय	जम्मा
९९.६६	२९७.७	३९७.३

राजस्व बाडफाँट
(रू. अर्बमा)

प्रदेश	स्थानीय	जम्मा
६४.०३	६४.०३	१२८.०६

कुल बजेटमा हिस्सा

प्रदेश	स्थानीय	जम्मा
७.०१%	२०.९५%	२७.९६%

जम्मा हस्तान्तरण
(रू. अर्बमा)

प्रदेश	स्थानीय	जम्मा
१६३.६९	३६१.७३	५२५.४६

कुल बजेटमा हस्तान्तरण





प्रदेश



स्थानीय



जम्मा

कुल गार्हस्थ उत्पादनमा





प्रदेश



स्थानीय



जम्मा

बजेटको आकार र खर्च

(रू. करोडमा)

शीर्षक	२०७७/७८ को मध्यमकालीन खर्च संरचनाको प्रस्तावित रकम	२०७८/७९ को मध्यमकालीन खर्च संरचनाको प्रस्तावित रकम	२०७९/८० को बजेट	बजेटको मध्यावधि समीक्षा (२०७९ माघ)	२०८०/८१ को बजेटमा २०७९/८० को समीक्षा पश्चात् कायम	खर्च
कुल बजेट	१९५४९९	१७९३१०	१७९३८३	१५५०००	१५०५००	१४१९३३
चालु खर्च तर्फ	१०६२०२	११४११९	११८३२३	१०२१९३	१०४३३९	९९१५१
पुँजीगत तर्फ	६७२२८	४१९६८	३८०३८	३१३८५	२५८३५	२३४६२
वित्तीयतर्फ	२२०६९	२३२२३	२३०२२	२१४२२	२०३२६	१९५२०
स्रोततर्फ						
राजस्व बाँडफाँड हुने बाहेक	१२५६९६	११८३४०	१२४०११	१०८५००	१०४०००	८९९१७
अनुदान	६८२५	५५२०	५५४६	३८४६	३८४६	२३०१
वैदेशिक ऋण	३३५००	२९०००	२४२२६	१७०५४	१७०५४	१२३०५
आन्तरिक ऋण	२९४७८	२६४५०	२५६००	२५६००	२५६००	२४८७४

नोट: यस आर्थिक वर्षको राजस्व प्राप्तिमा साँवा ब्याज फिर्ता समेत समावेश गरिएको छ।

पन्ध्रौं योजनाको चौथो वर्षको उपलब्धि

पन्ध्रौं योजना कार्यान्वयनमा आएको आधार वर्षको तुलनामा चौथो वर्षमा केही सूचकमा सुधार आए तापनि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छ:



वार्षिक औसत आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा, प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७९/८० को लक्ष्य	अनुमानित उपलब्धि
६.८	९.६	१.८६



कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७९/८० को लक्ष्य	अनुमानित उपलब्धि
४.८	५.८	२.७



उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७९/८० को लक्ष्य	अनुमानित उपलब्धि
१२.२	१३.२	०.५६



सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७९/८० को लक्ष्य	अनुमानित उपलब्धि
७.९	१०	२.३३



वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७९/८० को लक्ष्य	अनुमानित उपलब्धि
४.६	६	७.७४



प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)

आधार वर्ष २०७५/७६	२०७९/८० को लक्ष्य	अनुमानित उपलब्धि
१०४७	१४५६	१४१०



निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत)

आधार वर्ष २०७५/७६	२०७९/८० को लक्ष्य	अनुमानित उपलब्धि
१८.७	११.२	२०.२७

	आधार वर्ष २०७५/७६	२०७९/८० को लक्ष्य	अनुमानित उपलब्धि
मानव विकास सूचकाङ्क	०.५७९	०.६१८	०.६०१
अपेक्षित आयु (जन्म हुँदाको वर्ष)	६९.७	७२	७०.५
खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशत)	८९	९८	९७
१५-२४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत)	९२	९८	८९
विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	१२५०	४१३३	३०८४.१
विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत)	८८	१००	९५
इन्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या (प्रतिशत)	६५.९	७७	८५

राष्ट्रिय गौरवका आयोजना



पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना

(रु. करोडमा)

भौतिक प्रगति प्रतिशत **७२.७**

शुरु वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	सम्पन्न हुने वर्ष
२०६४/६५	८४३३	५९१	६४७६	२०८४/८५



रेल्वे तथा मेट्रो विकास आयोजना

(रु. करोडमा)

भौतिक प्रगति प्रतिशत **नखुलेको**

शुरु वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	सम्पन्न हुने वर्ष
२०६६/६७	१२८०००	२६०	३०४४	उल्लेख नगरिएको



उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग

(रु. करोडमा)

भौतिक प्रगति प्रतिशत **२४**

शुरु वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	सम्पन्न हुने वर्ष
२०६९/७०	६६६	३०	१३६	२०८४/८५



उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग

(रु. करोडमा)

भौतिक प्रगति प्रतिशत **४२**

शुरु वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	सम्पन्न हुने वर्ष
२०६५/६६	११९३	६८	५०६	२०८४/८५



उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग

(रु. करोडमा)

भौतिक प्रगति प्रतिशत **३८**

शुरु वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	सम्पन्न हुने वर्ष
२०६६/६७	३५७९	३३७	१३५७	२०८३/८४



हुलाकी लोकमार्ग आयोजना

(रु. करोडमा)

भौतिक प्रगति प्रतिशत **९१**

शुरु वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	सम्पन्न हुने वर्ष
२०६६/६७	६५२०	६८१	५९६५	२०८३/८४



रानी जमरा कुलरिया सिँचाइ आयोजना

(रु. करोडमा)

भौतिक प्रगति प्रतिशत **६६.९७**

शुरु वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	सम्पन्न हुने वर्ष
२०६७/६८	२७७०	१८६	१८०६	२०८०/८१



सिक्टा सिँचाइ आयोजना

(रु. करोडमा)

भौतिक प्रगति प्रतिशत **३९.७६**

शुरु वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	सम्पन्न हुने वर्ष
२०६१/६२	५२६४	८५	१९८५	२०८९/९०



बबई सिँचाइ आयोजना

२०४५/४६
शुरु वर्ष

७०.०३
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान
१८९६

यो वर्षको खर्च
१४९

हाल सम्मको खर्च
१२६५

२०८२/८३
सम्पन्न हुने वर्ष



पशुपति क्षेत्र विकास कोष

२०७०/७१
शुरु वर्ष

६७
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान
२६४

यो वर्षको खर्च
२१

हाल सम्मको खर्च
१७९

नखुलेको
सम्पन्न हुने वर्ष



लुम्बिनी क्षेत्र विकास कोष

२०६९/७०
शुरु वर्ष

८७
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान
१३२६

यो वर्षको खर्च
१२४

हाल सम्मको खर्च
८००

२०८३/८४
सम्पन्न हुने वर्ष



महाकाली सिँचाइ आयोजना

२०६३/६४
शुरु वर्ष

१८.८४
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान
३५००

यो वर्षको खर्च
२६

हाल सम्मको खर्च
६५९

२०८७/८८
सम्पन्न हुने वर्ष



भेरी बबई डाइभर्सन
बहुउद्देश्यीय आयोजना

२०६८/६९
शुरु वर्ष

६३.३०
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान
३६८०

यो वर्षको खर्च
१०७

हाल सम्मको खर्च
१६५३

२०८४/८५
सम्पन्न हुने वर्ष



बुढीगण्डकी जलविद्युत आयोजना

२०६९/७०
शुरु वर्ष

नखुलेको
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान
२६०००

यो वर्षको खर्च
१३२

हाल सम्मको खर्च
४१३५

२०८३/८४
सम्पन्न हुने वर्ष



सुनकोशी मरिन डाइभर्सन
बहुउद्देश्यीय आयोजना

२०७३/७४
शुरु वर्ष

२१.४०
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान
४९४२

यो वर्षको खर्च
५३८

हाल सम्मको खर्च
८९२

२०८४/८५
सम्पन्न हुने वर्ष



माथिल्लो तामाकोशी
जलविद्युत आयोजना

२०६७/६८
शुरु वर्ष

१००
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान
४९२९

यो वर्षको खर्च
0

हाल सम्मको खर्च
५२९८

सम्पन्न
सम्पन्न हुने वर्ष



परिचम सेती जलविद्युत आयोजना

२०६७/६८
शुरु वर्ष

0
भौतिक प्रगति प्रतिशत

(रू. करोडमा)

कुल लागत अनुमान
२७३८५

यो वर्षको खर्च
0

हाल सम्मको खर्च
0

नखुलेको
सम्पन्न हुने वर्ष



पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल

२०७४/७५
शुरु वर्ष

९८
भौतिक प्रगति प्रतिशत

(रु. करोडमा)

कुल लागत अनुमान
२२००

यो वर्षको खर्च
0

हाल सम्मको खर्च
२५३४

२०७९/८०
सम्पन्न हुने वर्ष



निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

२०७१/७२
शुरु वर्ष

नखुलेको
भौतिक प्रगति प्रतिशत

(रु. करोडमा)

कुल लागत अनुमान
१६५००

यो वर्षको खर्च
३

हाल सम्मको खर्च
१०२

२०८५/८६
सम्पन्न हुने वर्ष



गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल

२०७१/७२
शुरु वर्ष

१००
भौतिक प्रगति प्रतिशत

(रु. करोडमा)

कुल लागत अनुमान
३०८१

यो वर्षको खर्च
0

हाल सम्मको खर्च
३५६६

सम्पन्न
सम्पन्न हुने वर्ष



मेलम्ची खानेपानी आयोजना

२०५५/५६
शुरु वर्ष

९९
भौतिक प्रगति प्रतिशत

(रु. करोडमा)

कुल लागत अनुमान
३५५४

यो वर्षको खर्च
६८

हाल सम्मको खर्च
३१३४

नखुलेको
सम्पन्न हुने वर्ष



काठमाडौं तराई मधेश द्रुतमार्ग

२०६४/६५
शुरु वर्ष

२५.५४
भौतिक प्रगति प्रतिशत

(रु. करोडमा)

कुल लागत अनुमान
२११९३

यो वर्षको खर्च
१४९४

हाल सम्मको खर्च
४९२४

२०८३/८४
सम्पन्न हुने वर्ष



राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

२०७१/७२
शुरु वर्ष

६.०७
भौतिक प्रगति प्रतिशत

(रु. करोडमा)

कुल लागत अनुमान
२४९७२

यो वर्षको खर्च
१९८

हाल सम्मको खर्च
१४०६

२०९३/९४
सम्पन्न हुने वर्ष



विद्युत प्रसारण आयोजना

२०६७/६८
शुरु वर्ष

नखुलेको
भौतिक प्रगति प्रतिशत

(रु. करोडमा)

कुल लागत अनुमान
६१२६

यो वर्षको खर्च
४८

हाल सम्मको खर्च
३५५

२०८४/८५
सम्पन्न हुने वर्ष

स्रोत: राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन, २०७८।७९

नोट: आवधिक योजनाले राष्ट्रिय गौरवका आयोजनालाई उच्च प्राथमिकतामा राखी स्रोत सुनिश्चितता गर्ने, कार्यान्वयनको सघन अनुगमन गर्ने उल्लेख गरे पनि उक्त आयोजनाहरुको प्रगति अवस्था सन्तोषजनक देखिएन। माथिल्लो तामाकोशी, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र मेलम्ची खानेपानी आयोजनाको निर्माण सम्पन्न भए तापनि माथिल्लो तामाकोशी बाहेक अन्य आयोजना पूर्ण रुपमा सञ्चालनमा आउन सकेका छैनन्। कार्यान्वयनमा रहेकामध्ये ८ आयोजनाको भौतिक प्रगति ३० प्रतिशतभन्दा न्यून रहेको छ। विस्तृत आयोजना प्रतिवेदन तयार नगरी निर्माण कार्य शुरु गर्नु, आयोजना कार्यान्वयन मोडालिटी स्पष्ट नहुनु, जग्गा प्राप्ति र क्षतिपूर्ति विवाद हुनु, युटिलिटी सर्भिस स्थानान्तरणमा अन्तर निकाय समन्वय नहुनु, सीमाङ्कन रेखांकन विवाद, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत, निर्माण क्षमताको अभाव, कमजोर अनुगमन मूल्याङ्कन लगायत समस्याले गर्दा आयोजना निर्माणको समय र लागत दुवै वृद्धि भएको छ।

मूल्य अभिवृद्धि कर विवरण

डेबिट/क्रेडिट विवरण

(प्रतिशतमा)



डेबिट/क्रेडिट विवरण

(रू.अर्बमा)



क्रेडिट/डेबिट अनुपात

(गुणा)



शिक्षक विद्यार्थी अनुपात



कुल (औसत)

आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
२६.३७	५७.९१	४७.८४	९८.३८

विद्यार्थी भर्ना



आधारभूत विद्यालयको विद्यार्थी सङ्ख्या



संस्थागत र सामुदायिक विद्यार्थी प्रतिशत



प्रदेश मन्त्रालय तथा निकाय

लेखापरीक्षण

यो वर्ष सातै प्रदेश मातहतका १ हजार २६९ कार्यालयको रू.३ खर्ब २२ अर्ब ८५ करोड १२ लाख ८० हजार र ६ कार्यालयको बक्यौता रू.१२ करोड १८ लाख ८० समेत रू.३ खर्ब २२ अर्ब ९७ करोड ३१ लाख ६० हजार लेखापरीक्षण सम्पन्न भएको छ। प्रदेश सरकार मातहतका ११८ अन्य संस्था तथा समितिको बक्यौतासमेत रू.३६ अर्ब ९ करोड ७७ लाख १० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। कोशी प्रदेश अन्तर्गत ९ निकाय र सुदूरपश्चिम प्रदेशको २ निकायको लेखापरीक्षण बक्यौता रहेको छ।

वित्त हस्तान्तरण

(रू. हजारमा)



वित्तीय समानीकरण अनुदान	५२३४५०९९
सशर्त अनुदान	३५०२७२७१
समपूरक अनुदान	३५०९७९७
विशेष अनुदान	३१८४६५३

जम्मा ९४०६६८२०

राजस्व बाँडफाँट

(रू. हजारमा)



जम्मा

६७७०४११०

कुल जम्मा

(रू. हजारमा)

१९१७७०९३०



राजस्व अनुमान र प्राप्ति

(रू. हजारमा)



बजेट तथा खर्च

प्रदेश	वार्षिक बजेट	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	खर्च प्रतिशत
कोशी	३९९२७५४४	१२६४५२३३	१८१११२५४	0	३०७५७७८२	७७.०३
मधेश	४७०२५०५२	१०६७०३३८	१६१९९५३१	0	२६८६९८७०	५७.१४
बागमती	७०९३९२९१	१७९८२४०२	२८२७९५६८	६०००००	४६८६१९६३	६६.०६
गण्डकी	३५९०९०००	८३५३५२२	१५२६१३६१	0	२३६१४८८३	६५.७६
लुम्बिनी	४२७८९४४२	१२५०७५८७	१७७३६५६९	0	३०२४४१५५	७०.६८
कर्णाली	३२६१६१६४	९४८१३२५	१२७७६५४८	0	२२२५७८७३	६८.२४
सुदूरपश्चिम	३६८३३८६४	८२४८५७९	१५८१४५१६	0	२४०६३०९५	६५.३३
जम्मा	३०६०४०३५७	७९८८८९८७	१२४१८०६४२	६०००००	२०४६६९६२६	६६.८८

प्रदेश आन्तरिक स्रोत परिचालन



बेरुजु

प्रदेश	लेखापरीक्षण गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
कोशी	१९८	५२७८७१	१३१७६	१२४१२	२.५०	२.३५
मधेश	१४९	४७९४४७	१८५४२	१४०५७	३.८७	२.९३
बागमती	२२०	८४२२८२	९६४९	७७९६	१.१५	०.९३
गण्डकी	२१५	४११७५५	८०१७	६७७६	१.९५	१.६५
लुम्बिनी	२८९	५७९१५९	११२६३	९४४२	१.९५	१.६३
कर्णाली	१५५	३७३३६९	९६७८	७०१५	२.५९	१.८८
सुदूर पश्चिम	१६१	३९४३९९	३७६४	२३१४	०.९५	०.५९
जम्मा	१३८७	३६०८२८२	७४०८९	५९८१२	२.०५	१.६६

अद्यावधिक बेरूजु

प्रदेश	गत सम्मको बाँकी	समायोजन	सम्परीक्षण	बाँकी	चो वर्षको थप	छैठौं प्रतिवेदन सम्मको बाँकी	बेरुजु बाँकी मध्ये पेस्की
कोशी	४९६३३९४	-	७००५९७	४१६१७९७	९३९७६९०	५५८०४०७	८३३७९६
मधेश	६७६९८८९	३३८	३०५६९१	६४५६६९६	९८५४१४१	८३९०८५८	२६९१६५०
बागमती	३३५०२५०	-	३४६०३	३३९५६४७	९६४९९४८	४१८०५६९	९९४७५१
गण्डकी	२९४४४७०	३७३७०	२९७९८०	९८८३८६०	८०९६८१	२६८५५४१	७३३७१९
लुम्बिनी	३०५८७७५	९८८	९६३७३९	२८९४६२४	९९१६३४५	४०२०९६९	९७७७३८५
कर्णाली	४३३९३८०	२०९७९	९३७९०४९	२९८०५०१	९६७७५१	३९४८२५४	७९९८२०
सुदूरपश्चिम	२३९९६०	-	८५४२१	२३०६५३८	३७६३९९	२६८२९२९	५७३०४५
जम्मा	२७००९५९८	५८०६७	२९६७००९	२४९००५८४	७४०८९३६	३९५०९५२०	८३९६९७७

सङ्घीय सरकारी कार्यालयहरूको बेरूजू स्थिति



प्रदेश सरकारी कार्यालयहरूको बेरूजू स्थिति

(रू. लाखमा)



स्थानीय तहको बेरूजू स्थिति

(रू. लाखमा)

असुल गर्नुपर्ने	५२५८७	५४७४९	५९८०९	५९०५७	४१५८४
नियमित गर्नुपर्ने	२४८११३	२८१७९९	३२८२६१	३२४६१२	२४०३४०
पेस्की	८०५७९	७१७९९	५१०२५	४५१४०	२८२२८
	५७ औं (२०७५/७६)	५८ औं (२०७६/७७)	५९ औं (२०७७/७८)	६० औं (२०७८/७९)	६१ औं (२०७९/८०)
जम्मा बेरुजू	३८१२७९	४०८३४७	४३९०९५	४२८८०९	३१०१५२

स्थानीय तह

लेखापरीक्षण र बेरूजू

यो वर्ष ७४६ स्थानीय तहको

लेखापरीक्षण अंक:
रू. ११ खर्ब ३७ अर्ब ४ करोड १९ लाख

लेखापरीक्षणबाट देखिएको बेरुजु
रू. ३५ अर्ब ६६ करोड ६३ लाख

प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौट गरेको
रू. ४ अर्ब ८३ करोड ९ लाख

फर्स्यौट गर्न बाँकी:
रू. ३० अर्ब ८३ करोड ५३ लाख

सोमध्ये असुल गर्नुपर्ने
रू. ४ अर्ब ९ करोड १८ लाख

नियमित गर्नुपर्ने
रू. १३ अर्ब ९१ करोड ८८ लाख

म्याद नाघेको पेस्की बाँकी
रू. १ अर्ब ८१ करोड ४८ लाख

१ स्थानीय तहको २०७७/७८ र २०७८/७९ को **रू. १ अर्ब १४ करोड ९५ लाख** को लेखापरीक्षणबाट **रू. १७ करोड ९८ लाख** बेरुजु देखिएको छ।

समग्र आय व्यय

७४६ यो वर्ष लेखापरीक्षण भएका स्थानीय तहको



कुल आम्दानी
रू. ६ खर्ब ७१ अर्ब ९४ करोड १२ लाख



खर्च
रू. ५ खर्ब ७७ अर्ब ८० करोड ४ लाख



चालु खर्च
रू. २ खर्ब ९९ अर्ब ५० करोड ६३ लाख

पुँजीगत खर्च
रू. १ खर्ब ७० अर्ब ५६ करोड २९ लाख

वित्तीय व्यवस्था तथा अन्यतर्फ
रू. १ खर्ब ७ अर्ब ५६ करोड २९ लाख



कुल आन्तरिक आय
रू. ३३ अर्ब ६७ करोड २७ लाख



सङ्घ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट
रू. ७९ अर्ब १३ करोड ३ लाख

नोट: गत वर्षको मौज्दात रू. १ खर्ब १२ अर्ब ६९ करोड ९६ लाखसमेत आन्तरिक स्रोततर्फ रू. २ खर्ब २५ अर्ब ५० करोड २६ लाख प्राप्त भएको छ।

अनुदान



लेखापरीक्षण कार्यान्वयनको अवस्था

लेखापरीक्षण प्रतिवेदन

यो वर्षको लेखापरीक्षणबाट रू.१ खर्ब २७ अर्ब ७३ करोड ६३ लाख बेरुजु देखिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम बक्यौतासमेत २०७८।डप को लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएकोमा घछ दिनभित्र रू.३२ अर्ब १३ करोड ४६ लाख फर्स्यौट गरेकोले देहायबमोजिम रू.९५ अर्ब ६० करोड २१ लाख फर्स्यौट हुन बाँकी रहेको छ:

दफा

(रू. लाखमा)



जम्मा दफा

प्रारम्भिक प्रतिवेदन	प्रतिक्रियाबाट फर्स्यौट	यस वर्षको फर्स्यौट हुन बाँकी
२०८५३१	१३९६४	१९४५६७

रकम

(रू. लाखमा)



जम्मा रकम

प्रारम्भिक प्रतिवेदन	प्रतिक्रियाबाट फर्स्यौट	यस वर्षको फर्स्यौट हुन बाँकी
१२७७३६३	३२१३४२	९५६०२१

बेरूजू फर्स्यौट तथा सम्परीक्षणको विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखापरीक्षणबाट औंल्याइएका बेरुजु प्रमाण पेस गरी, नियमित गरी वा असुलउपर गरी बेरुजु फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फर्स्यौट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०६०।६१ देखिको बेरुजु फर्स्यौट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छ:

बेरुजू फर्स्यौट तथा सम्परीक्षणको विवरण

(रू.लाखमा)



जम्मा

फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजू	अद्यावधिक बाँकी बेरुजू
१३०७३६	५७४२६१८	९५६०२१	६६९८६३९

विगतको बेरुजू

संघीय सरकारी कार्यालयहरु	प्रदेश सरकारी कार्यालयहरु	स्थानीय तह	अन्य संस्था समिति (प्रदेश समेत)	जम्मा
२९६१३२९	२४३७८०	१७२६०५३	९४२२३१	५८७३३९३

समायोजनबाट थप (घट)

संघीय सरकारी कार्यालयहरु	प्रदेश सरकारी कार्यालयहरु	स्थानीय तह	अन्य संस्था समिति (प्रदेश समेत)	जम्मा
-	-२८	0	-११	-३९

भविष्यमा गर्नुपर्ने सुधार

शासकीय प्रबन्ध



अर्थतन्त्र



सार्वजनिक वित्त व्यवस्थापन



सार्वजनिक सम्पत्तिको व्यवस्थापन



विकास व्यवस्थापन



सूचना प्रविधि

- सूचना प्रविधिको प्रयोग
- सुरक्षा र व्यवस्थापन

सार्वजनिक प्रशासन

- मानव संसाधन व्यवस्थापन
- सार्वजनिक सेवा प्रवाह

सुशासन

